# मनहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०७७/०७८ बैठक शाखा
च.नं.: ११६९

मितिः-२०७७/०९/२७

**विषयः- निर्णय कार्यान्वय गर्ने सम्वन्धमा ।**

श्री मनहरी गाउँकार्यपालिकाका
सबै शाखा/उपशाखा प्रमुखहरु
वडा कार्यालय/वडा सचिवहरु
मनहरी, मकवानपुर ।

प्रस्तुत विषयमा मिति २०७७ पौष २१ गते मंगलवार बसेको कार्यपालिका बैठकको निर्णय पाना थान छ यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

2077/9/27

(देवराज चौलागाई)
प्रमुख प्रशासकिय अधिकृत

देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

फोन:०५७-४१९३०३वेवसाईट:www.manaharimun.gov.np, ईमेल:manaharimun@gmail.com

"कृषि, पर्यटन, वन वातावण र ब्यापार, मनहरी समृद्धीको मूल आधार"

Scanned with CamScanner

आज मिति २०७७ साल पौष २१ गते मंगलवारका दिन विहान ११ बजे देखि यस मनहरी गाउँपालिकाको कार्यपालिका बैठक गा.पा. अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थिति सहित वसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. श्री एकराज उप्रेती | गा.पा अध्यक्ष | अध्यक्ष | |
| २. श्री आनन्द घलान | २ नं.वडा अध्यक्ष | सदस्य | |
| ३. श्री गोपिलाल मोक्तान | ६ नं.वडा अध्यक्ष | सदस्य | |
| ४. श्री ठाकुरराम तिटुङ | ७ नं.वडा अध्यक्ष | सदस्य | |
| ५. श्री दिलबहादुर स्याङ्तान | ८ नं.वडा अध्यक्ष | सदस्य | |
| ६. श्री ध्रुव खड्का | ४ नं.वडा अध्यक्ष | सदस्य | |
| ७. श्री विष्णु थिङ | ३ नं.का.बा.वडा अध्यक्ष | सदस्य | |
| ८. श्री साधुराम अधिकारी | ९ नं.वडा अध्यक्ष | सदस्य | |
| ९. श्री शिव प्रसाद खनाल | १ नं.वडा अध्यक्ष | सदस्य | |
| १०. श्री शुभराज थिङ | ५ नं.वडा अध्यक्ष | सदस्य | |
| ११. श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य | |
| १२. श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य | |
| १३. श्री राधादेवी खकुराल पाठक | महिला सदस्य | सदस्य | |
| १४. श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य | राममाया |
| १५. श्री गीता कुमारी प्रजा | दलित/अल्पसंख्यक सदस्य | सदस्य | |
| १६. श्री देवराज चौलागाई | प्रमुख प्रसाशकिय अधिकृत | सचिव | |

आमन्त्रित/सहयोगी

१. श्री संगिता अधिकारी — लेखा अधिकृत — राजश्व आ.प्र.महाशाखा प्रमुख

२.

Scanned with CamScanner

मिति २०७७ पौष २१ गते मंगलवार बसेको गाउँ कार्यपालिकाको निर्णय

**प्रस्तावहरु**

१. उपध्यक्ष पदको कार्य जिम्मेवारी वारे ।
२. आर.सि.सि. पुल निर्माणको संझौता वारे ।
३. आर.सि.सि पुल निर्माणको लागि सहयोग रकम माग गर्ने वारे ।
४. भुमि सम्वन्धी कार्ययोजना स्वीकृत गर्ने वारे ।
५. भुन्दुङ खानेपानी योजना मर्मत वारे ।
६. मकरी खानेपानी योजना सम्पन्न गर्ने वारे ।
७. वडा नं. ५ को सडकमा रिटेनिङ वाल निर्माण गर्ने वारे ।
८. कर संकलकहरुको पारिश्रमिक उपलब्ध गराउने वारे ।
९. रात्रीकालिन अनुगमनमा खटिने कर्मचारीहरुको सुविधा वारे ।
१०. नदीजन्य पदार्थको कर चुहावट नियन्त्रण गर्न कर्मचारी थप गर्ने वारे ।
११. पानी छर्कने कार्यको भुक्तानी वारे ।
१२. ६ नं. वडाको खानेपानी योजनामा प्राविधिक खटाउने वारे ।
१३. ग्राभेलिङ कार्यको भुक्तानी वारे ।
१४. सेफ हाउसको कर्मचारी पदपुर्ति गर्ने वारे ।
१५. एम्वुलेन्स खरिदको सिफारिस वारे ।
१६. संघीय सरकार संग वार्षिक सिलिङ रकम माग गर्ने वारे
१७. विविध विषयहरु
    क- कोभिड खर्च अनुमोदन वारे ।
    ख- वाख्रा पालन तालिममा सहभागिता वारे ।
    ग- अन्तरक्रिया गराउने वारे
    घ- योजना संचालन र निर्माण सामग्री सहयोग वारे ।
    ङ- आर्थिक सहायता अनुमोदन वारे ।

**निर्णयहरु**

१. यस प्रस्तावमा छलफल गर्दा उपाध्यक्ष मनिला विष्टले आफ्नो पदवाट अध्यक्ष समक्ष लिखित राजिनामा दिएका कारण मिति २०७७/०९/१७ गते देखि नेपालको संविधान २०७२ को धारा २१५ को उपधारा ८(क) बमोजिम पद खाली भएकाले निज संगको जिम्वेवारीमा रहेका जिन्सी र कार्यालयका कागजादहरु अविलम्व फिर्ता गर्न कार्यालयले पत्राचार गर्ने । सोही धाराको उपधारा (९) वमोजिम पद बहाली नहुन्जेल उपाध्यक्ष पदको हैसियतले जनस्तरमा प्रवाह गर्नुपर्ने सेवा सुविधामा कुनै किसिमको रोकावट नहुने ब्यवस्था मिलाउन अविलम्व कानुनी परामर्श गरी बैकल्पिक ब्यवस्था गरी कार्य गर्ने ।

२. यस प्रस्तावमा छलफल गर्दा मनहरी गाउँपालिका वडा नं.२, ३ र ४ का विभिन्न खोला खहरेहरुमा निर्माण गरिने पक्की (RCC) पुलहरुका लागि प्राप्त भएका बोलपत्रहरु मुल्याङ्कन गरी संझौताको अन्तिम चरणमा रहेकोमा बोलपत्र सम्वन्धी कागजातहरुमा मुल्यवृद्दि दिने/नदिने सम्वन्धमा ITB मा नदिने तर GCC र SCC र मा दिने ब्यवस्था गरेको पाईएकाले सो सम्वन्धमा कावु वाहिरको परिस्थिति वाहेक ठेक्का संझौता अवधि भित्र कार्य सम्पन्न गर्ने र म्याद थपको ब्यवस्था कार्यपालिका बैठकले गरे वमोजिम हुने सर्तमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ को उपदफा १ र २ मा भएको ब्यवस्था



निमिर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner

लागु हुने गरी मुल्य समायोजन हुनसक्ने ब्यवस्था सहित अविलम्व संझौता गर्न कार्यालयलाई अख्तियारी दिने । ।

३. यस प्रस्तावमा छलफल गर्दा मनहरी गाउँपालिका वडा नं.२, ३ र ४ मा निर्माण गरिने पक्की (RCC) पुलहरुका लागि पर्याप्त बजेट नभएकाले निर्माण कम्पनिहरु संग भएको संझौता बमोजिमको निर्माण कार्य पुरा गर्न बागमती प्रदेश सरकार समपुरक कोषवाट ब्यहोर्ने गरी रु. ५ करोड रकम उपलब्ध गराउन मुख्य मन्त्री तथा मन्त्रिपरिषद कार्यालय तथा भौतिक पुर्वाधार विकास मन्त्रालय हेटौडा संग अनुरोध गर्ने ।

४. यस प्रस्तावमा छलफल गर्दा भुमिहिन दलित, सुकुम्वासी र अब्यवस्थित बसोवासीको समस्याको रुपमा रहेको जग्गा पहिचान, रेखाङ्कन, लगत संकलन समेतको कार्य अगाडी बढाउनको लागि भुमि ब्यवस्था सम्वन्धी आयोगवाट प्राप्त निर्देशिका अनुसार गाउँपालिकाले वनाएको कार्ययोजना स्वीकृत गर्ने र सो अनुसार कार्य सुरु गर्न कार्यालयलाई निर्देशन दिने ।

५. यस प्रस्तावमा छलफल गर्दा वडा नं. ३ को भुन्दुङ खानेपानी योजनाको पाईप वाढिले वगाई लगेको र मर्मत गरी खानेपानीको सप्लाईको कार्य सुचारु गर्न कठिनाई भएको भनि मर्मत कार्यका लागि वडा कार्यालयवाट अनुरोध भई आएकाले प्राविधिकले स्थलगत रुपमा हेरी लागत अनुमान तयार गरी मर्मत संभार शिर्षकवाट ब्यहोर्ने गरी रु. ३ लाख सम्मको पोलेथिन पाईप उपलब्ध गराउने गरी उपभोक्ता समिति मार्फत मर्मत कार्य गराउने ।

६. यस प्रस्तावमा छलफल गर्दा वडा नं.१ मा संचालित मकरी खानेपानी योजनाका लागि नपुग रकम वडा नं. ८, ९, ४, ३, ५ र १ का अपुरा खानेपानी योजना शिर्षकमा विनिजित बजेटवाट ४५ लाख थप गरी समयमै कार्य सम्पन्न हुने ब्यवस्था कार्यालयले मिलाउने ।

७. यस प्रस्तावमा छलफल गर्दा वडा नं.५ मा निर्माण भैरहेको कालोपत्रे सडक क्षेत्रमा करिव ९० मिटर सडक किनारमा थप रिटेनिङ वाल निर्माण कार्यका लागि नपुग रकम पुँजिगत भैपरी विविध शिर्षकमा विनियोजित बजेटवाट प्राविधिकको लागत अनुमान अनुसार थप गरी उपभोक्ता समिति मार्फत कार्य सम्पन्न हुने ब्यवस्था मिलाउने ।

८. यस प्रस्तावमा छलफल गर्दा गतः बर्षको वाँकि अविधमा नदिजन्य श्रोत ढुंगा गिट्टी वालुवाको कर संकलन कार्य ठेक्का ब्यवस्थापन गरी गराईएको तर वातावरण शुल्क अमानतमा संकलन गरीएका कारण सो कार्यमा खटिने कर्मचारीहरु रजैया नाकामा १ जना र सुनाचुरी नाकामा २ जनाका दरले २०७६ पौष देखि आषाढ सम्म ७ महिनाको कर संकलकहरुले पाउने न्युनतम ज्याला रकम चालु वर्षको अमानतवाट कर संकलन गर्ने कार्ययोजनाको मिल्दो शिर्षकवाट कार्यालयले आवश्यक प्रकृया पुरा गरी भुक्तानी गर्ने ब्यवस्था मिलाउने ।

९. यस प्रस्तावमा छलफल गर्दा कार्यपालिकाको मिति २०७७/०६/२४ मा वसेको वैठकको निर्णय नं. १९ गठित अनुगमन समितिले प्रभावकारी रुपमा कार्य गर्दै आईरहेकोमा दिउँसो खटनु पर्ने कार्यालय तथा सुरक्षा निकायका कर्मचारीहरुलाई राती खटेर अनुगमन



निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

रुकिनराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner

कार्य गर्न निकै कठिनाई भएकाले रात्रीकालिन अनुगमन कार्यमा खटिने कर्मचारीहरुलाई कर संकलन कार्ययोजना अनुसार दैनिक उपस्थितिका आधारमा १०००,०० (कर कट्टा गर्ने गरी) मा नवढ्ने गरी अनुगमन गरेको अवधि देखि लागु हुने गरी खटिएका आधारमा उपलब्ध गराउने ।

१०. यस प्रस्तावमा छलफल गर्दा वडा नं. ८ का वडा अध्यक्षको संयोजकत्वमा गठित अनुगमन टोलिले नदीजन्य श्रोतको कर संकलन कार्यको नियमित अनुगमन गर्ने गरेको र सो समितिले राजश्व चुहावट हुने क्षेत्रमा कर्मचारीको अभाव महशुस गरेकाले वडा कार्यालयको सिफारिसमा २ जना कर संकलक थप गर्न अनुरोध भै आएकाले कार्यालयले समेत अध्ययन गरी करारमा २ जना कर संकलक स्वीकृत कार्ययोजना अनुसार थप गर्ने ब्यवस्था मिलाउने ।

११. यस प्रस्तावमा छलफल गर्दा कार्यपालिकाको मिति २०७७/०९/०१ मा वसेको वैठकको निर्णय नं. २३ अनुसार मनहरी वडा नं. ८ स्थित आईसोलेसन वार्ड तथा कोभिड अस्थायी अस्पताल आसपास धुलो उडेर वातावरणिय प्रदुषण भैरहेकाले सडकमा पानी हाल्ने निर्णय गरिएकोमा वडा कार्यालयले पानी हालेको सिफारिस गरेको मिति २०७७/०६/२३ देखि लागु हुने गरी कार्यालयले भुक्तानीको ब्यवस्था मिलाउने ।

१२. यस प्रस्तावमा छलफल गर्दा वडा नं. ६ मा संचालित सुनाचुरी खानेपानी योजनाका लागि आवश्यक प्राविधिक कार्यहरु गर्न कार्यालयवाट प्राविधिक कर्मचारीहरु खटाई कार्य अगाढि वढाउने ।

१३. यस प्रस्तावमा छलफल गर्दा वडा नं. ९ को निर्माणाधिन भवन सम्म जाने वाटो विग्रेको र निर्माण सामग्री ढुवानी लगायत आवतजावत गर्न कठिनाई भएकाले सो सडकमा प्राविधिकको ल.ई तथा मुल्याङ्क लगायतका प्रकृया पुरा गरी मर्मत संभार कोषवाट ग्राभेलिङ गरेको रकम उपलब्ध गराउने ।

१४. यस प्रस्तावमा छलफल गर्दा सेफ हाउसको सुरक्षा संवेदनशिलतालाई मध्य नगर गर्दै तत्काल चौकिदार र कार्यालय सहयोगि राख्नु पर्ने जरुरी महशुस भएकाले कार्यालयवाट भएको विज्ञापन अनुसार परेको दरखास्त आवश्यक प्रकृया पुरा गरी अविलम्व पदपुर्तिको ब्यवस्था कार्यालयले मिलाउने ।

१५. यस प्रस्तावमा छलफल गर्दा मनहरी ३ हाँडिखोला स्थित अध्यक्ष श्री गोपाल प्रसाद चौलागाई रहेको स्वर्गिय रामकृष्ण तथा नारायणी तिमल्सिना स्मृती संस्थाले खरिद गर्न लागेको एम्वुलेन्स थान एकको भन्सार तथा मु.अ.कर छुटका लागि जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरलाई सिफारिस गर्ने ।

१६. यस प्रस्तावमा छलफल गर्दा आगामी आ.ब. २०७८-०७९ मा संघीय सरकारवाट प्राप्त हुने देहायका अनुदान रकमहरु २०७७ पौष मसान्त भित्र माग गर्नुपर्ने भएकाले मनहरी गाउँपालिका वडा नं.२, ३ र ४ मा निर्माण गरिने ५ वटा पक्की (RCC) पुलहरुका लागि पर्याप्त बजेट नभएकाले निर्माण कम्पनिहरु संग भएको संझौता बमोजिमको निर्माण कार्य पुरा गर्न तथा विशेष अनुदान तर्फ देहायको सिलिङ उपलब्ध गराउन राष्ट्रिय योजना आयोग संग कार्यालयले माग फारम सहित अनुरोध गर्ने ।



निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**क. समपुरक कोष तर्फ**

| सि.नं. | कामको बिवरण | सम्झौता रकम (मु.अ.क.सहित) | आगामी आ.ब.मा प्रस्तावित लागत सहभागिता | कैफियत |
|---|---|---|---|---|
| १ | Thado khola Bridge | 8,67,05,228.52 | 1,00,00,000.00 | |
| २ | Masine khola Bridge | 6,59,50,063.51 | 1,00,00,000.00 | |
| ३ | Twangra Khola Bridge | 6,49,60,839.715 | 1,00,00,000.00 | |
| ४ | Hadikhola Bridge | 5,35,51,525.675 | 1,00,00,000.00 | |
| ५ | Chyapal Khola Bridge | 6,28,98,158.62 | 1,00,00,000.00 | |

**ख. विशेष अनुदान**

| सि.नं. | कामको विवरण | ल.ई. रकम | प्रस्तावित अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | बुद्द मुर्ति स्थापना वडा नं. ८ | D.P.R. अनुसार | २ करोड | |
| २ | खाध्य सुरक्षा कार्यक्रम (कृषि सहकारी मार्फत) | D.P.R. अनुसार | ३ करोड | |

१७. यस प्रस्तावमा छलफल गर्दा देहाय बमोजिम गर्ने ।

क. कोरोना लागेका विरामीहरुलाई आईशोलेशन राखेर उपचार गर्दा भएका खर्चहरुको विल भरपाई ईन्चार्ज ज्योतिराज लुईटेलवाट प्राप्त भयो । सो अनुसार ५,०१,८९४.०० खर्च भएकोमा स्वास्थ्य शाखाको सिफारिसमा कोभिड ब्यवस्थापन शिर्षकवाट नियमानुसार भुक्तानीका लागि समर्थन गर्ने ।

ख. वडा नं.१ का किसान पोषक विष्ट वाख्रा पालनको सिलसिलामा पोखरामा संचालित तालिममा सहभागि हुन वडा कार्यालयको सिफारिस सहित आएकाले तालिम पश्चात सो क्षेत्रमा वाख्रा पालन प्रवर्धन गर्न समेत आवश्यक देखिएको र निजको आर्थिक अवस्था समेत कमजोर भएकोले निजलाई प्राप्त खर्चको विल भरपाईका आधारमा युवा क्षमता विकास कार्यक्रमवाट ब्यहोर्ने गरी रु.५० हजार सम्म सहयोग गर्ने ।

ग. वडा नं. ६ भुलचोक खयरघारी टोल विकास संस्थालाई हेटौडा उप-महानगरपालिकामा सकृय टोल विकास संस्था संग अन्तरक्रिया गराउन प्रस्तावना बमोजिम १(एक) दिन कार्यक्रम संचालन गराउने ।

घ. देहाय अनुसारका शिर्षकहरुवाट उल्लेखित योजना संचालन तथा जिन्सी सामग्रीहरु आवश्यक प्रकृया पुरा गरी उपलब्ध गराउने ।

| सि.नं. | योजनाको नाम | नगद/ जिन्सी | भुक्तानीको श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | भुलचोक खयरघारी टोल विद्युतिकरण वडा नं. ६ | ४६,२२६.०० | भैपरी पुँजिगत विविध | वडा कार्यालयको सिफारिस अनुसार |
| २ | वडा नं ४ खानेपानी मर्मत योजना | 25mm HDPE ४०० मिटर र 20mm HDPE ३०० मिटर मौज्दातवाट दिने | | गिता प्रजा |
| ३ | वडा नं. ६ खानेपानी ट्युवेल धारा | २ थान | भैपरी पुँजिगत विविध | सृजना राई |
| ४ | वडा नं. ३ लामिटारमा नवज्योति प्रा. वि.को भर्याङमा छाना र खानेपानी ब्यवस्था | ल.ई बमोजिम | भैपरी पुँजिगत विविध | |
| ५ | वडा नं. ६ राष्ट्रिय सरस्वती प्रा.वि.वालुभन्ज्याङलाई फर्निचर खरिद | १,००,०००.०० | भैपरी पुँजिगत विविध | |
| ६ | वडा नं. ६ प्रतापपुर कुलोवाटो मर्मत योजना | 40mmNP3 को ६ वटा | भैपरी पुँजिगत विविध | |



निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अ. [illegible]

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | ह्युमपाईप | |

ङ. देहाय अनुसारका ब्यक्तिहरुलाई सम्वन्धित कार्यपालिहरु तथा वडा कार्यालयवाट भएको सिफारिस समेतको आधारमा स्वास्थ्य उपचार तथा मृतकहरुका लागि आर्थिक सहायता तथा चन्दा शिर्षकमा विनियोजित चालु बजेटवाट प्रदान गर्ने ।

| सि.नं. | वडा नं. | नाम थर | विषय | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ९ | उत्सव दर्जिको आमा रामाया दर्जि | मृत्यु | १०,०००.०० | |
| २ | ९ | हस्त कुमारी वाँनिया | कयान्सर | १०,०००.०० | |
| ३ | ३ | पिताम्वर लामा | मृगौला रोग | १०,०००.०० | |
| ४ | ४ | अक्कल बहादुर प्रजा | कयान्सर | १०,०००.०० | |
| ५ | ९ | कृष्ण बहादुर गिरी | मुटुरोग | १०,०००.०० | |

उपरोक्त अनुसारका निर्णयहरु सर्वसम्मति रुपमा गर्दै आजको बैठक सम्पन्न भयो ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

मनहरी गाउँ कार्यपालिकाको निर्णय



Scanned with CamScanner